# गाउँ विकास कोष

## (स्थापना र सञ्चालन)सम्बन्धी

## कार्यविधि २०७६

**जलजला गाउँपालिका**

**जलजला गाउँ कार्यपालिकाको कार्यालय**

**लामाखेत, पर्वत**

# बिषय-सूची


| **भाग १** | **पेज नं.** |
| --- | --- |
| १. प्रस्तावना | ३ |
| २. संक्षिप्त नाम र प्रारम्भ | ३ |
| ३. परिभाषा | ३ |
| **भाग २** | |
| ४.कोषको स्थापना र सञ्चालन | ५ |
| ५.सञ्चालक समितिको गठन | ६ |
| ६.समितिका सदस्यहरुको पदावधी | ७ |
| ७.समितिको बैठक र बैठक भत्ता | ७ |
| ८.कोषका कार्यहरु | ८ |
| ९.समितिको काम, कर्तब्य र अधिकार | १२ |
| १०.सामुदायिक विकास कोष ब्यवस्थापन समितिको गठन | १२ |
| ११.गाउँ विकास कोष समितिको काम कर्तब्य र अधिकार | १३ |
| १२.गाउँ विकास कोषका अध्यक्षको काम कर्तब्य र अधिकार | १४ |
| १३.ऋणपूजी लगानी तथा असुली | १४ |
| १४.ब्याज, सेवा शुल्क र हर्जना मिनाह दिन सक्ने | १६ |
| **भाग ३ कोषको खर्च, लेखा र लेखापरिक्षण** | **१७** |
| १५.लेखा र लेखा परिक्षण | |
| **भाग ४ विविध** | |
| १६.वडा कार्यालयले अनुगमन गर्न सक्ने | १८ |
| १७.प्रतिवेदन | १८ |
| १८.अनुगमन | १८ |
| १९.प्रगती समिक्षा | १८ |
| २०.प्राविधिक सहयोग | १८ |
| २१.कोषको सुरक्षा र प्रत्याभूती | १८ |
| २२.विनियमावली बमोजिम हुने | १९ |
| २३.निर्देशिका बनाउन सक्ने | १९ |
| २४.सम्पत्ति र दायित्व | १९ |
| २५.कार्यक्रमको एकिकरण र समायोजन | १९ |
| २६.खारेजी र बचाउ | २० |

# गाउँ विकास कोष (स्थापना र सञ्चालन) कार्यविधि- २०७६

**प्रस्तावना:** ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनताको संगठन, वचत, सीप तथा आवश्यक कोषको व्यवस्था गरी सामाजिक परिचालनको माध्यमद्धारा गरिवी न्यूनीकरण गर्नुका साथै उनीहरुको संस्थागत विकास गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम जलजला गाउँपालिकाको चौंथो गाउँसभाले दिएको अधिकार प्रयोग गरी जलजला गाउँ कार्यपालिका लामाखेत पर्वतले यो कार्यविधि तर्जुमा गरी लागु गरेको हो ।

भाग-१

१.संक्षिप्त नाम तथा प्रारम्भः

१) यो निर्देशिकाको नाम गाउँ विकास कोष (स्थापना र सञ्चालन) निर्देशिका २०७६ रहेको छ ।

२) यो निर्देशिका जलजला गाउँ कार्यपालिकाको बैठकबाट पारित हुँदाको दिनदेखि लागु भएको मानिनेछ ।

२. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) “आर्थिक नियमावली” भन्नाले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ सम्झनुपर्दछ

ग) “सभा” भन्नाले नेपालको संविधानको धारा २२१ बमोजिमको गाउँसभालाई सम्झनु पर्छ ।

घ) “परिषद” भन्नाले साविक स्थानीय स्वयत्त शासन ऐन,२०५५ को दफा १७२ बमोजिमको जिल्ला परिषद सम्झनु पर्छ ।

ङ) “कोष” भन्नाले साविक जिल्ला परिषदबाट स्वीकृत भई लागु भएको विनियमावलीको विनियम ३ बमोजिम स्थापना तथा सञ्चालन भएको “स्थानीय विकास कोष” लाई सम्झनु पर्छ ।

च) “समिति” भन्नाले कोषको व्यवस्थापन र सञ्चालन गर्न विनियम ४ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्छ ।

छ) “अध्यक्ष” भन्नाले समितिका अध्यक्ष सम्झनु पर्छ ।

ज) “सदस्य” भन्नाले समितिका सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष समेतलाई जनाउनेछ ।

झ) “सचिव” भन्नाले निर्देशिकाको नियम ४ (क) ७ बमोजिम नियुक्त जलजला गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत रही गाउँ विकास कार्यक्रमको सम्पर्क ब्यक्ति (**Focal Person**) को रुपमा काम गर्न अख्तियार पाएको  कर्मचारीलाई जनाउनेछ ।

ञ) “गाउँ विकास कार्यक्रम” भन्नाले सामाजिक परिचालनको माध्यमद्धारा सामुदायिक संस्थामा आबद्ध भई आफ्नो वा अन्य श्रोत मार्फत सीप विकास प्रबर्द्धन गर्न, आफ्नो जीवनस्तरमा सुधार ल्याउन एवं समुदायको माध्यमद्धारा गाउँको विकास गर्न, समुदायस्तरको निर्णय प्रक्रियामा सक्रिय सहभागिताका साथ परिचालित हुनुलाई गाउँ विकास कार्यक्रम सम्झनु पर्दछ ।

ट) “सामुदायिक संस्था” भन्नाले सामाजिक तथा आर्थिक विकासका लागि सामाजिक परिचालनको माध्यमबाट बस्तीस्तरमा महिला तथा पुरुष समुहहरु छुट्टा छुट्टै वा मिश्रित रुपमा आवद्ध भएको समुहलाई सम्झनु पर्दछ ।

भाग-२

## कोषको स्थापना र सञ्चालन

३) कोषको स्थापना र सञ्चालन

क) गाउँ विकास कोषको नामबाट गाउँपालिकामा एक कोषको स्थापना हुनेछ ।

ख) उप-नियम क बमोजिम स्थापना भएको कोषमा देहाय बमोजिमका रकम हुनेछन् ।

१.साविक कानून बमोजिम सञ्चालित स्थानीय विकास कोष तथा सामुदायिक विकास कोष र सोबाट बढे बढाएको सम्पत्ति ।

२.गाउँ विकास कार्यक्रम तथा अन्य विशेष कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार तथा संघीय सरकारबाट प्राप्त अनुदान ।

३.विदेशी मित्र राष्ट्र, द्विपक्षीय र बहुपक्षीय दातृसंस्था, अन्तर सरकारी संगठन, अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था, गैर-सरकारी संस्था वा ब्यक्तिबाट प्राप्त अनुदान तथा ऋण रकम,

४.समपुरक कोष (म्याचिङ फण्ड) को रुपमा गाउँपालिकाबाट प्राप्त रकम ।

५.कोषले आफ्नो रकम र चल अचल सम्पत्ति लगानी गरेवापत प्राप्त ब्याज, सेवा शुल्क र हर्जना रकम,

६.कोषले नेपाल सरकार, अन्य बैंक, वित्तिय संस्था वा ऋण प्रदान गर्ने अन्य संघ/संस्थाबाट लिएको ऋण तथा सापटी ( तर यस प्रकारको ऋण तथा सापटी लिन परेको अवस्थामा गाउँसभाबाट पारित गरी प्रचलित कानून बमोजिमको स्विकृती लिनुपर्नेछ)

७. सामुदायिक संस्थाले लगानीको रुपमा जम्मा गर्न ल्याएको बचत रकम,

८.अन्य सोतबाट प्राप्त रकम

ग) कोषको रकम समितिको निर्णय अनुसार गाउँपालिकाको नजिक रहेको कुनै बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

घ) कोषको खाता गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

ङ) कोषको सचिवालयको रुपमा गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत सामाजिक विकास शाखाले गर्नेछ ।

च)	गाउँ विकास कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनका खर्चहरु नेपाल सरकार, प्रदेश सरकार, दातृ निकाय, व्यक्ति वा गाउँपालिकाको अनुदान वा कार्यक्रम र रकमबाट ब्यहोरिनेछ । तर यस्तो अनुदान रकम प्राप्त हुन नसकेमा गाउँ विकास कार्यक्रम सञ्चालन सम्बन्धी खर्च कोषको ऋणपूजी सञ्चालन, प्राप्त ब्याज, सामुदायिक संस्था वा गाउँपालिकाबाट प्राप्त रकम तथा अन्य कुनै संघ/संस्थाहरुबाट उपलब्ध श्रोतहरुबाट ब्यहोरीनेछ ।

छ)	गरिवी न्युनीकरणको लागि यस कोष मार्फत शर्त सहित, शर्त रहित र प्राथमिकता क्षेत्रभित्र भाग अनुसार सञ्चालन हुने कार्यक्रमका लागि रकम उपलब्ध गराउन सकिनेछ ।

**४. सञ्चालक समितिको गठनः**

क. कोषको सञ्चालन र व्यवस्थापनको लागि देहाय बमोजिमका सदस्य रहेको एक सञ्चालक समिति गठन हुनेछ :

१) गाउँपालिकाका अध्यक्ष -अध्यक्ष

२) गाउँ पालिकाका उपाध्यक्ष - सदस्य

३) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

४) कार्यक्रम लागु भएका सम्वन्धित वडाका वडा अध्यक्षहरु बढीमा ४ जना -सदस्य

५) सामुदायिक संस्थाका अध्यक्ष/मैनेजर मध्येबाट गाउँ विकास कोष सञ्चालक समितिबाट मनोनित कम्तीमा १ जना महिला र एक जना पुरुष गरी जम्मा २ जना -सदस्य

६) समितिबाट मनोनीत सामुदायिक संस्थाको अति गरिव वा दलित सदस्य एक जना -सदस्य

७) सामाजिक शाखा प्रमुख (सामाजिक विकास अधिकृत) -सदस्य सचिव

ख. गाउँ विकास कोष मार्फत कुनै सरकारी वा गैरसरकारी निकायले कार्यक्रम सञ्चालन गर्न इच्छा देखाई मञ्जुरी भएमा ती कार्यक्रमका प्रतिनिधिहरुलाई समितिमा आमन्त्रीत सदस्यको रुपमा समावेश गर्न सकिन्छ ।

ग.गाउँ विकास कोष मार्फत कार्यक्रम सञ्चालन गर्न कार्यक्रमसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाको प्रतिनिधि तथा संघीय सरकार वा प्रदेश सरकारका प्रतिनिधिहरुलाई आमान्त्रीत सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

घ.गाउँ विकास कोषको प्रगती समिक्षाको आधारमा दातृनिकायले थप अनुदान दिने नदिने निर्णय गर्न सक्नेछन् ।

ङ. कोष सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्न गाउँपालिका र वडा समितिले आबश्यक सहयोग गर्ने छन् ।

**५. समितिका सदस्यहरुको पदावधीः**

क.कार्यविधिको नियम ४ को उपनियम (क) को ५ र ६ बमोजिमका सदस्यहरुको पदावधी २ बर्षको हुनेछ । अन्य पदेन सदस्यहरुको पदावधि ४ बर्षको हुनेछ ।

ख.समितिका सदस्यहरु पुःन छनोट हुन यस कार्यविधिले बाधा पुर्‍याएको मानिने छैन ।

ग.समितिका सदस्यहरुको छनोट साविकमा भएका सदस्यहरुको पदावधि सकिनु भन्दा एक हप्ता अघि गरिनेछ ।

घ.समितिका सदस्यले स्वेच्छाले पद त्याग गर्न चाहेमा समिति मार्फत लिखित रुपमा आफ्नो राजीनामा प्रस्तुत गर्नेछन् । त्यस्तो राजीनामा समितिबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ । कोषका सदस्यहरु आँफूले प्रतिनिधित्व गरेका संस्थाको पदमा नरहेमा समितिबाट स्वतः हट्नेछन् ।

ङ पदावधी बाँकी छदै कुनै सदस्यको स्थान रिक्त हुन आएमा त्यस्तो रिक्त स्थानको पूर्ति बाँकी अवधीको लागि हुनेछ ।

**६. समितिको बैठक र बैठक भत्ताः**

क) समितिको बैठक मासिक तथा आवश्यकता अनुसार बस्नेछ ।

ख.समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

ग.समितिको बैठक अध्यक्षले बोलाउनेछन् । तर देहायको अवस्थामा भने सदस्य सचिवले बैठक बोलाउन सक्नेछन् ।

१.अध्यक्षले बैठक बोलाउन निर्देशन दिएमा ।

२. तीन महिना वा सो भन्दा वढी बैठक नवसेको अवस्थामा समितिका कुनै ३ जना सदस्यले बैठक बोलाउन लिखित रुपमा माग गरेमा ।

घ समितिको निर्णय सदस्यहरुको बहुमतबाट हुनेछ ।

ङ.समितिको बैठकमा मत वरावर भई निर्णय हुन नसक्ने अवस्था देखिएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

च. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् । अध्यक्षको अनुपस्थितीमा उपाध्यक्षले अध्यक्षता गर्नेछन् ।

छ.समितिले कुनै व्यक्ति, पदाधिकारी तथा विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ। तर त्यस्तो आमन्त्रीत ब्यक्ति वा आमन्त्रीत सदस्यलाई बैठकमा मतदान गर्ने अधिकार हुनेछैन ।

ज.बैठकमा भएका छलफल तथा निर्णयहरुलाई सचिवले निर्णय पुस्तिकामा अभिलिखित गरी बैठकको अध्यक्षबाट प्रमाणित गराउनेछन् ।

झ.बैठक सञ्चालन सम्वन्धी अन्य कार्यविधि प्रचलित गाउँ कार्यपालिकाको बैठक सञ्चालन कार्यविधि बमोजिम नै हुनेछ ।

ञ.समितिको बैठकमा भाग लिएवापत समितिका सदस्यहरुले तोकिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

ट. कोषका सदस्यहरु ब्यक्तिगत र सामुहिकरुपमा गाउँपालिका प्रति जवाफदेही हुनेछन् ।

ठ.समितिका महत्वपूर्ण निर्णयहरु तथा आय ब्यय विवरण वारे गाउँ कार्यपालिकाको बैठकमा जानकारी गराउनुपर्नेछ ।

**७. कोषका कार्यहरु**

क) गाउँ विकास क्षेत्रका विभिन्न बस्ती तहमा सामुदायिक संस्था खडा गर्न स्थानीय समुदायलाई सहयोग गर्ने ।

ख) उप नियम (क) बमोजिम गठन हुने सामुदायिक संस्थाहरुले देहाय बमोजिमका समुह बनाउन सहयोग पुर्‍याउने

१) महिला समुह
२.मिश्रित
३.पुरुष समुह

ग) वचतबाट पूँजी संकलन तथा परिचालन गर्न सामुदायिक संस्थालाई सहयोग गर्ने ।

घ) ग्रामीण जनतामा उद्यम विकास गर्न तालिम तथा प्रविधि सहयोग उपलव्ध गराउने ।

ङ) कृषि तथा गैर कृषि क्षेत्रमा उद्यम विकास कार्यक्रम सञ्चालन गर्न ऋणपूजी उपलब्ध गराउने ।

च) उत्पादनशील कार्यक्रम सञ्चालन गर्ने कार्यमा संस्थागत तथा मानव क्षमता अभिबृद्धि गराउन सहयोग गर्ने ।

छ) सामाजिक आर्थिक तथा वातावरणीय समस्यालाई दृष्टिगत गर्दै एकिकृत गाउँ विकास योजना लागु गर्न सहयोग गर्ने ।

ज) गरिवी निवारणको कार्यमा सामुदायिक संस्थाहरुको क्षमता अभिबृद्धि गर्नमा सहयोग गरी त्यस्ता संस्थालाई गरिवी निवारण कार्यक्रममा क्रियाशिल गराउने ।

झ) सामुदायिक संस्थाका क्रियाकलापहरुको अनुगमन तथा मुल्याङकन गर्ने ।

ञ) उप विनियम (ख) बमोजिम गठन भएका संस्थालाई सामाजिक परिचालन गर्न आवश्यक सहयोग पुऱ्याउने ।

ट) स्वशासित सामुदायिक संस्थाको अवधारणा अनुरुप मानव संशाधन विकास गर्न आवश्यक कार्य गर्ने, गराउने ।

ठ) सामुदायिक संस्थाको प्रशासनिक र व्यवस्थापकीय क्षमता विकासमा सहयोग गर्ने र त्यस्ता संस्थाको काम कारवाहीमा पारदर्शिता ल्याउन सहयोग गर्ने ।

ड) गाउँपालिकाले सञ्चालन गर्ने योजना/कार्यक्रमहरुमा सम्बन्ध तथा समन्वय कायम गर्ने । सहजीकरण गर्ने ।

ढ) कोषले सामुदायिक संस्थालाई ऋण तथा अनुदान (सामाजिक तथा आर्थिक विकास कार्यक्रम) उपलब्ध गराउने सम्बन्धमा परिपक्वताका योग्यता र शर्तहरु तोक्न सक्नेछ । ती योग्यता र शर्तहरु देहाय बमोजिम हुन सक्नेछन्

१.सामुदायिक संस्था आफ्नो क्षेत्रको गाउँपालिकासँग आवद्ध भएको र गाउँ विकास कोषमा दर्ता भएको हुनुपर्ने ।

२.सामुदायिक संस्थाले नियमितरुपमा आफ्नो बैठक गरेको र प्रत्येक बैठकमा ८०% सदस्यहरुले भाग लिएको हुनुपर्ने ।

३. सामुदायिक संस्थाहरुले बचत तथा ऋण कार्यक्रम शुरु गरेको एवं निर्णय प्रक्रियामा पारदर्शिता भएको हुनुपर्ने ।

४.ऋण प्रवाहको लागि सामुदायिक संस्थाले आफ्नै बचत प्रयोग गरेको एवं हिसाव तथा अभिलेख प्रणाली व्यवस्थित रुपमा अपनाएको हुनुपर्ने ।

५.सामुदायिक संस्थाको आफ्नो बचतले मात्रै सदस्यलाई ऋण प्रवाह गर्न अपुग भएको हुनुपर्ने ।

६.बैठकमा प्रस्तुत हुने प्रत्येक विषयमाथि छलफल गरी निर्णय प्रक्रिया सर्वसम्मत ढंगले भएको हुनुपर्ने ।

७. सामुदायिक संस्थाले आपसी सरसल्लाहबाट कार्यक्रम, योजना तर्जुमा गरी वडा समितिमा छलफलको लागि पेश गरेको हुनुपर्नेछ ।

८.सामुदायिक संस्थाका सदस्यहरु एकजुट भएर आफ्नो संस्थालाई तथा बस्तिलाई फाईदा पुग्ने कुनै नमुना काम गरेको हुनुपर्ने ।

९.सामुदायिक संस्थाहरुले सहभागितामा आधारित योजना तर्जुमा तथा मूल्याङकन प्रणाली अपनाएको हुनुपर्ने ।

१०.सामुदायिक संस्थाहरुले आफ्ना सदस्यहरुको गरिवी बर्गीकरण गरी अभिलेख राखेको हुनुपर्ने ।

११.सामुदायिक संस्थाहरुले आफ्नो विकासको दिर्घकालिन सोच बनाएको हुनुपर्ने ।

ढ) सामुदायिक संस्थाहरुले आफ्ना सदस्यहरुलाई सहयोग उपलब्ध गराउने न्युनतम आधारहरु कोषले निर्धारण गर्नेछ । कोषले सामुदायिक संस्थालाई ऋणपूजीको रकम ब्याज र सेवा शुल्क लिने गरी ऋणको रुपमा प्रदान गर्नेछ । ऋणपूजी निकासा तथा त्यसलाई असुल उपर गर्ने सम्बन्धी शर्तहरु कोष र सामुदायिक संस्थाबीच सम्पन्न हुने सम्झौतामा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

ण) कोषले सामुदायिक संस्थालाई आपसी सम्झौताको आधारमा अन्य सेवा सुविधा उपलब्ध गराउन सक्नेछ । त्यस्ता सेवा सुविधाहरु आफ्ना कर्मचारी मार्फत गाउँपालिकाद्धारा वा तालिम केन्द्र वा परामर्शदाता वा कम्पनी वा गैर सरकारी संस्था वा निजी फर्म वा ब्यक्ति विशेष तथा अन्य उपयुक्त संस्थाहरु मार्फत उपलब्ध गराउन सकिनेछ ।

त) कोषले सामुदायिक संस्थालाई स्थापनाकालमा संस्थाको क्रियाकलाप अघि बढाउन एवं त्यस्तो क्रियाकलापलाई दिगो बनाउन सञ्चालन अनुदान दिन सकिनेछ ।

थ) कोषले सामुदायिक संस्थालाई अधिकतम १०% बार्षिक ब्याज दर कायम गरी ऋणपूजी थोकमा लगानी गर्न सक्नेछ । सामुदायिक संस्थाले कोषबाट लिएको ऋण आफ्ना सदस्यलाई संस्थाको सामुहिक जिम्मेवरीमा प्रवाह गर्नेछ । सामुदायिक संस्थाले ऋणको अधिकतम ८% र सेवा शुल्क २% गरी ब्याज र सेवा शुल्क वापत कुल १०% रकम संकलन गरी कोषमा दाखिला गर्नेछ । सामुदायिक विकास कोषमा ४% र बाँकी ४% वडास्तरको सामुदायिक ब्यवस्थापन समितिले खर्च गर्न सक्नेछ ।

द) उप नियम (थ) बमोजिम कोषबाट लिएको ऋण सामुदायिक संस्थाले आफ्ना सदस्यहरुमा आफ्नै प्रचलित नियम तथा निश्चित ब्याजदरमा लगानी गर्नेछ । उप-नियम (थ) बमोजिम असुल उपर गरिने व्याज मध्येबाट सामुदायिक संस्थाले आफूले निर्णय गरेको प्रतिसत रकम सामुदायिक संस्थामा ऋण लगानी र असुलीमा संलग्न रहेका अध्यक्ष-मैनेजर वा सदस्यको पारिश्रमिक, भत्ता वा प्रोत्सहान स्वरुप खर्च गर्न सकिनेछ र केहि प्रतिसत रकम सामुदायिक संस्थाको बचत एवं सञ्चालन तथा संस्थागत विकास कार्यमा आवश्यकता अनुसार खर्च गर्न सकिनेछ ।

ध) भुक्तानी कार्यक्रम बमोजिम सावाँ किस्ता रकम र सो को सेवा शुल्क ब्याज तोकिएको मितिमा चुक्ता नगरेमा सामुदायिक संस्थाले निर्धारित छुट अवधि पछि भाखा नाघेको किस्ता रकमको १% हर्जना कोषलाई

बुझाउन पर्नेछ। सामुदायिक संस्थाले आफ्ना सदस्यहरुलाई लगानी गरेको रकम भुक्तानी कार्यक्रम बमोजिम सावाँ ब्याज र सेवा रकम तोकिएको मितिमा चुक्ता हुन नआएमा निर्धरित छुट अवधि पछि भाखा नाघेको किस्ता रकमको सामुदायिक संस्थाले तोकेको प्रतिशत हर्जना ऋणीबाट असुल उपर गर्नेछ।

न) कोषले उप-नियम (थ) र (ध) बमोजिम प्राप्त गरेको ब्याज, सेवा शुल्क र हर्जना कोषको सञ्चालन खर्च र ऋण पूँजी वृद्धि गर्न प्रयोग गर्नेछ।

प) कोषको रकम हराए वा नासिएमा क्षतिपूर्ती र सुरक्षाको लागि आवश्यक विमा नीति तर्जुमा गरी लागु गर्न सकिनेछ।

फ) कोषले सामुदायिक संस्थाको आयस्तर र जीवनस्तर अभिवृद्धि गर्न प्रत्यक्ष मद्दत पुऱ्याउने सिंचाईं, धारा, साना पुल, पुलेसा, स्यालो ट्युबवेल, ईनार, स-साना ढल आदि जस्ता उत्पादनमूलक विकास निर्माण कार्यको लागि वीउपूजीको रकम अनुदान दिन सक्नेछ। तर वीउपूँजीको अनुदानले सामुदायिक संस्थाको सकेसम्म धेरै सदस्यहरुलाई फाईदा पुऱ्याउन पर्ने हुन्छ।

ब) कोषले गाउँपालिका, जि.स.स.,प्रदेश सरकार, स्थानीय पूर्वाधार विकास कार्यक्रम, संघीय सरकार, बैंक, अन्य वित्तिय संस्था,अन्य अन्तर सरकारी संगठन वा व्यक्तिबाट अनुदान प्राप्त गर्न सक्नेछ। सो अनुदान सम्झौतामा तोकिएको शर्त अनुरुप विकास निर्माण तथा सञ्चालन कार्यमा प्रयोग गर्न सकिनेछ।

भ) कोषले सरकारी, गैर-सरकारी तथा नीजि क्षेत्र,ब्यक्ति वा संघ संस्थाबाट प्रचलित ऐन कानून बमोजिम ऋण प्राप्त गर्न सक्नेछ।

म) कोषले उप-विनियम (ब) र (भ) बमोजिम बाह्य अनुदान तथा ऋण प्राप्त गर्न गाउँसभाबाट स्विकृत गराउन पर्नेछ।

य) कोषले आफ्नो सञ्चित रकमबाट गाउँ विकास कोषलाई ऋण प्रदान गर्न वा कुनै बाणिज्य बैंक वा वित्तिय संस्थामा लगानी गर्न सक्नेछ।

र) कोषले ऋणपूँजी लगानी गरी प्राप्त गरेको ब्याज रकम कोषको सञ्चालन तथा ब्यवस्थापन खर्च र सोही ऋणपूजी रकममा थप गरी ऋणपूजीको रकम वृद्धि गर्नेछ।

ल) कोषले गाउँपालिकाबाट समपुरक कोष (म्याचिङ फण्ड) को रुपमा रकम प्राप्त गर्न सक्नेछ।

व) गाउँ विकास कोषको सञ्चालनको लागि कोषले नेपाल सरकार प्रदेश सरकार, गरिवी निवारण कोष, जिसस, गाउँपालिका, विदेशी मित्र राष्ट्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृसंस्था,अन्तर सरकारी संगठन तथा ब्यक्तिबाट कार्यक्रमको खर्च ब्यहोर्ने आधारमा कोषले स्थानीय सरकार सञ्चालन ऐनको परिधीभित्र रही पूर्व स्विकृत लिई सम्बन्धित दातासँग समन्वय गरी सम्झौता अनुरुप कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

ष) कोषले नीजि क्षेत्र र गैर-सरकारी संस्थाको सेवा र सहयोग प्राप्त गरी आफ्नो कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

श) कोषले आफ्नो कार्य सञ्चालनको शिलशिलामा सामुदायिक संस्थालाई लघु कर्जा प्रवाह गर्न सक्नेछ ।

ह) कोषले जिल्ला तथा गाउँहरुको बस्तुस्थिती र आवश्यकता अनुसार गरिव तथा पिछडिएका जातजातीहरुको उत्थानको निम्ती छुट्टै विशेष कार्यक्रम तयार गरी सञ्चालन गर्न सक्नेछ ।

**८. समितिको काम कर्तब्य र अधिकारः**

समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कोषको सञ्चालन सम्बन्धमा नीति निर्माण गरी स्वीकृतिको लागि गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

ख) कोषको चालु कार्यक्रम, बजेट, तयार गरी गाउँ कार्यपालिकामा पेश गर्ने तथा स्वीकृत कार्यक्रम सञ्चालन गर्ने ।

ग) कोषको कार्यविवरणको चौमासिक तथा बार्षिक प्रतिवेदन तयार गरी गाउँसभा/गाउँ कार्यपालिकामा समिक्षाको लागि प्रस्तुत गर्ने । कुनै दातृ संस्थाको सहयोगमा सञ्चालित कार्यक्रमको हकमा दातृ संस्थाले माग गरेको अवधिको प्रगति प्रतिवेदन उपलब्ध गराउने ।

घ) स्वीकृत कार्यक्रम तथा क्रियाकलापहरुको सञ्चालन सम्बन्धी योजना तथा कार्यतालिका तयार गरी स्वीकृत गरी कार्यान्यिन गर्ने गराउने ।

ङ) सामुदायिक संस्थालाई ऋण तथा वीउपूँजी प्रदान गर्दा तोकिएका शर्तहरु पुरा भए नभएको अनुगमन र मुल्याङकन गर्ने र सुझाव निर्देशन दिने ।

च) कोषका कर्मचारीको सेवा सुविधा सम्बन्धी नीति तयार गरी गाउँ कार्यपालिकाबाट पास गर्ने ।

छ) गाउँ कार्यपालिकाले सम्बन्धित विषय हेर्ने अधिकृत कर्मचारीलाई सदस्य सचिव तोक्न सक्नेछ ।

ज) गैर-सरकारी संस्था वा नीजी क्षेत्रको सेवा लिने विषयमा मापदण्ड बनाउने र त्यसरी बनाएका मापदण्डको आधारमा नीजी क्षेत्र र गैर-सरकारी संस्थाहरुलाई छनोट गरी आवस्यकता अनुसार ती संस्थाहरुको सेवा लिने ।

झ) कोषको रकम हराएमा वा नासिएमा सोको क्षेतीपूर्ति दिन वा आवश्यक सुरक्षा प्रबन्ध प्रदान गर्ने । "सुरक्षा प्रबन्ध" भन्नाले आवश्यक विमा, क्षतिपूर्ति र अन्य असुली प्रक्रिया समेतलाई जनाउँछ ।

ञ) कोषको उद्देश्य अनुरुप काम गर्न अन्य आवश्यक कार्य गर्ने ।

ट) कोषको बार्षिक लेखापरिक्षण गर्ने गराउने ।

ठ) कोषको लेखापरिक्षण प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत गरी छलफल गर्ने गराउने ।

ड) कोषमा दर्ता हुन आउने सामुदायिक संस्था दर्ता गर्ने ।

**९.सामुदायिक विकास कोष ब्यवस्थापन समितिको गठनः**

९.१ गाउँ विकास कार्यक्रम लागु भएका वडामा एक वडास्तरीय देहाय बमोजिमको समिति गठन गरिनेछ

क. सम्वन्धित वडाका वडा अध्यक्ष -अध्यक्ष

ख.सम्बन्धित वडाका अन्य ४ जना वडा समितिका सदस्यहरु -पदेन सदस्य

ग.सम्बन्धित वडाका वडा सचिव -सदस्य

घ.सम्बन्धित वडामा गठित सामुदायिक संस्थाका अध्यक्षहरु तथा मैनेजरहरुबाट १/१ जना गरी जम्मा २ जना-सदस्य

ङ.सामुदायिक संस्थामा आवद्ध न्युन आय भएका सदस्य तथा दलित सदस्यबाट १/१जना गरी जम्मा २ जना-सदस्य

च.सम्वन्धित वडामा कार्यरत सामाजिक परिचालक वा वडा कर्मचारी सदस्य-सचिव

९.२ सामुदायिक विकास कोष ब्यवस्थापन समितिको पदावधी छनोट भएका मितिले २ बर्षको हुनेछ । पदावधी समाप्त भएपछि पदेन बाहेक अन्यको हकमा अध्यक्ष मैनेजरभेलाबाट सर्वसम्मत वा बहुमतबाट पुनः नियुक्ति गर्न वा अर्को सदस्य नियुक्ती गर्न सकिनेछ ।

९.३ वडास्तरमा गाउँ विकास कार्यक्रममा आवद्ध सामुदायिक संस्थाका अध्यक्ष तथा मैनेजरहरुको वडास्तरको भेला कम्तीमा पनि २ महिनाको एकपटक वा आवस्यकता अनुसार बस्नेछ । यो भेलाको आयोजना सामुदायिक विकास कोषले गर्नेछ । भेलामा कार्यक्रमको समिक्षा हुनुको साथै समग्र कार्यक्रमको कार्यान्वयनलाई सहज बनाउने कार्यमा छलफल हुनेछ ।

**९.३ सामुदायिक विकास कोष ब्यवस्थापन समितिको काम कर्तब्य र अधिकारः**

**सामुदायिक विकास कोष ब्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क.सामुदायिक संस्थाहरु गठन गर्न सहयोग गर्ने ।

ख.सामुदायिक संस्थाहरुको संस्थागत विकासमा टेवा पुऱ्याउने ।

ग.अध्यक्ष मैनेजर भेलाको आयोजना गर्ने व्यवस्थित गर्ने र भेलाबाट प्राप्त सुझावहरुलाई सम्बन्धित निकायमा कार्यान्वयनको लागि पेश गर्ने ।

घ.ऋणपूजी असुली तथा लगानीमा सहयोग गर्ने ।

ङ वडामा ऋणपुजी लगानी गर्न गाउँ विकास कोषमा सिफारिस गर्ने ।

च.अन्य विकास निर्माण तथा सामाजिक परिचालन सम्बन्धी कार्यमा सहयोग गर्ने ।

**१०.गाउँ विकास कोषका अध्यक्षको काम कर्तब्य र अधिकारः**

कोषका अध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ,

क) बैठकको मिति र स्थान निर्धारण गर्ने ।

ख.गाउँ विकास कोष समितिको बैठकको अध्यक्षता गर्ने ।

ग.गाउँ विकास कोषको अन्य सरकारी, गैर-सरकारी तथा वित्तिय संस्थाबीच समन्व्य गर्ने गराउने ।

घ.गाउँ विकास कोषका सदस्य सचिवबाट सचिवालय सञ्चालन गराउने ।

ङ कोषको चौमासिक तथा बार्षिक प्रगती प्रतिवेदन तयार गर्ने गराउने ।

च.कोषको बार्षिक कार्यक्रम बनाई स्विकृतीको लागि गाउँ विकास कोष समितिमा पेश गर्ने ।

छ.कोषको बार्षिक सञ्चालन बजेट तयार गर्ने गराउने र स्वीकृतीको लागि गाउँ विकास कोष समितिमा पेश गर्ने ।

ज. गाउँसभा तथा गाउँ कार्यपालिकावीच समन्वयात्मक भूमिका निभाउने ।

झ. गाउँ विकास कोषको निरन्तरता तथा प्रभावकारी परिचालनको लागि श्रोत जुटाउन प्रदेश सरकार, नेपाल सरकार, दातृ निकायहरुसँग सम्बन्ध बढाउने र आवस्यक काम कारवाही गर्ने गराउने ।

ञ. अध्यक्षले कामको शिलशिलामा ७ दिनभन्दा बढी समयको लागि जिल्ला छाडी बाहिर जान परेमा सो को जानकारी समितिलाई गराउने ।

**१०.ऋणपूजी लगानी तथा असुलीः**

१) कोषले सम्बन्धित वडा समितिसँग सम्झौता वा साझेदारीको लागि सहमती पत्र तयार गरी गाउँपालिका क्षेत्रभित्रको सामुदायिक संस्थालाई ऋण प्रवाह गर्न सक्नेछ ।

२) कोषको ऋणपूजी उपलब्ध गराउनु पूर्व प्रत्येक सामुदायिक संस्थासँग ऋण लगानीका सर्तहरु, ऋण रकमको सीमा, ऋण लगानीका प्रक्रिया, ब्याजदर, सेवा शुल्कः हर्जना, ऋण रकमको अनुगमन, ऋण असुली प्रकृया र ऋण चुक्ता गर्ने जवाफदेहीता उल्लेख गरी सम्झौता वा साझेदारीको सहमती पत्र सम्पन्न गर्नुपर्नेछ ।

३) यस विनियमावलीको प्रयोजनको लागि कार्यक्रम लागु भएका वडाहरुले आफ्नो वडा भित्रका सामुदायिक संस्थाहरुलाई कोषबाट ऋण उपलब्ध गराउन सिफारिस गर्ने कार्य  गर्न सक्नेछ ।

४) कोषले उप-नियम (१) बमोजिम सम्बन्धित वडाको सामुदायिक विकास कोष व्यवस्थापन समितिले सामुदायिक संस्थालाई ऋणपूजी उपलब्ध गराउँदा सम्बन्धित सामुदायिक संस्थाको अध्यक्ष र मैनेजरसँग संयुक्तरुपमा तोकिएको भाखामा ब्याज र सेवा शुल्क सहित सावाँ रकम र भाखा नाघेपछि हर्जना समेत सामुदायिक संस्थाले चुक्ता गर्नुपर्ने र नगरेमा गाउँपालिकाले सामुदायिक संस्था उपर कानूनी कारवाही गरी असुल उपर गर्न सकिने शर्त राखी सम्झौता गर्नुपर्नेछ ।

५) उप-नियम (१) बमोजिम कोषबाट ऋण लिने सामुदायिक संस्थाले कोषसँग भएको सम्झौता वा साझेदारीको सहमती पत्र बमोजिम निर्धारित भाखामा आँफूले कोषलाई बुझाउनुपर्ने ऋण रकमको साँवा, ब्याज र सेवा शुल्क वापतको रकम बुझाईसक्नुपर्नेछ । निर्धारित मिति पछि ऋण चुक्ता गरेमा हर्जना तिर्नुपर्ने भए सो समेत कोषलाई बुझाउनुपर्नेछ ।

६) उप-नियम (५) बमोजिम सामुदायिक संस्थाबाट ऋण लिने ऋणीहरुले कोषसँग भएको सम्झौता बमोजिम निर्धारित भाखामा आँफूले संस्थालाई बुझाउनुपर्ने ऋण रकमको साँवा, ब्याज र सेवा शुल्क बुझाउनु पर्नेछ । तोकिएको भाखापछि ऋण चुक्ता गरेमा हर्जना लाग्ने भएमा सो समेत संस्थालाई बुझाउनुपर्नेछ ।

७) सामुदायिक संस्थाले कोषबाट लिएको ऋण रकम ऋण आवेदनमा तोकिएको आफ्ना सदस्यहरुलाई ऋण प्रवाह गरी ऋणीले ऋणको साँवा, ब्याज, सेवा शुल्कः र हर्जना तिर्नुपर्ने भए सो समेत संस्थालाई चुक्ता गरी सकेकोमा सामुदायिक संस्थाका अध्यक्ष र मैनेजरले असुल भएको रकम हिनामिना गरी कोषलाई चुक्ता नगरेमा गाउँपालिकाले अध्यक्ष वा मैनेजर वा सम्बन्धितलाई कानूनी कारवाही गरी नीजहरुको घरघरानबाट सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

८) सामुदायिक संस्थाले कोषलाई बुझाउनु पर्ने साँवा, ब्याज र सेवा शुल्कः भाखा नाघेको समय पछि नबुझाएमा पुनः ऋण नदिन सक्नेछ ।

९) सामुदायिक संस्थाले कोषबाट लिएको ऋण रकम ऋण आवेदनमा तोकिएका आफ्ना सदस्यहरुलाई ऋण लगानी गरी ऋणीले ऋणको साँवा,ब्याज, सेवा शुल्क र हर्जना तिर्नुपर्ने भए सो समेत संस्थालाई चुक्ता नगरी संस्थाले ऋण रकम ब्याज, सेवा शुल्क र हर्जना समेत कोषलाई चुक्ता गर्न नसकेमा गाउँपालिकाले सोझै ऋणी उपर कानूनी कारवाही गरी नीजको घरघरानबाट साँवा, ब्याज, सेवा शुल्क र हर्जना असुल उपर गर्नेछ ।

१०) उप-नियम (१०) बमोजिम ऋणीसँग कानूनी कारवाही गरी असुल भएको रकम मध्ये सामुदायिक संस्थासँग असुल गर्नुपर्ने साँवा रकम, ब्याज, सेवा शुल्क र हर्जना रकम कट्टि गरी वढी भएको रकम कोषले सम्बन्धित संस्थालाई फिर्ता गर्नुपर्नेछ ।

११) कोषले सामुदायिक संस्थालाई र सामुदायिक संस्थाले आफ्ना सदस्यहरुलाई ऋण लगानी गर्दा आर्थिक विपन्नताको आधारमा सबभन्दा विपन्न बर्ग तथा पिछडीएका महिला र पुरुषलाई प्राथमिकता दिनुपर्नेछ ।

१२) कोषले सामुदायिक संस्थाका सदस्यहरुलाई कुनै बैंक, वित्तिय संस्थाबाट कर्जा प्रवाह गर्न ती निकायहरुसँग सम्बन्ध स्थापीत गर्न सक्नेछ ।

१३) साविक जिल्ला विकास समिति स्थानीय विकास कोष तथा हाल जिल्ला समन्वय समितिबाट गाउँपालिकामा प्राप्त घुम्ती कोषको रकम गाउँ विकास कोषको बैठकको निर्णयले कार्यक्रम लागु भएका वडाहरुमा समन्यायीक आधारमा परिचालन गर्न सक्नेछ । यसरी गाउँपालिकाको खातामा प्राप्त हुन आएको घुम्तीकोष वडामा परिचालन गर्दा जुन वडामा नियमितरुपमा कार्यक्रम सञ्चालन भई कोष गाउँपालिकाको बैंकस्थित खाताबाट सञ्चालन भईरहेको छ सोही वडामा परिचालनमा प्राथमिकता दिन सकिनेछ ।

**११. ब्याज, सेवा शुल्क र हर्जना मिनाह दिन सक्नेः**

**१.** दैवी प्रकोप महामारी वा अन्य यस्तै असाधारण परिस्थितिले गर्दा ऋण लिई गरेका काम सफल हुन नसकी ऋणीलाई सावाँ रकम समेत घाटा हुन गएको र सो कारणले गर्दा ऋणीले सामुदायिक संस्थालाई ऋण चुक्ता गर्न नसक्ने परिस्थिती सृजना भएको कुरामा सामुदायिक संस्था विस्वस्त भई सर्वसम्मतीबाट निर्णय गरी ऋणीको ब्याज, सेवा शुल्क र हर्जना वापतको रकम मिनाहा दिन अध्यक्ष मैनेजरभेलाबाट सिफारिस गरी कोषलाई निवेदन गरेमा समितिले निर्णय गरी ऋणीको ऋण, सोको ब्याज, सेवा शुल्क र हर्जना पुरै वा आंशिकरुपमा मिनाहा दिने वा नदिने आवश्यक छानविन गरी निर्णय गर्न सक्नेछ ।

२.उप-नियम १ बमोजिम ब्याज, सेवा शुल्क र हर्जना मिनाहाको लागि ऋणीले सामुदायिक संस्थालाई आफ्नो लगानीमा घाटा हुन गएको आधार र कारण समेत उल्लेख गरी ब्याज, सेवा शुल्क र हर्जना मिनाहा पाउन आफ्नो आर्थिक अवस्था समेत उल्लेख गरी निवेदन दिनुपर्नेछ ।

३. उप-नियम २ बमोजिम ऋणीले सामुदायिक संस्थामा ऋण रकमको ब्याज, सेवा शुल्क र हर्जना मिनाहाको लागि निवेदन दिई सामुदायिक संस्था तथा अध्यक्ष मैनेजर भेलाबाट कोषमा सिफारिस प्राप्त भएपछि सामाजिक परिचालक वा सम्बन्धित कर्मचारीले स्थलगत निरिक्षण गरी ऋणीको आर्थिक अवस्था र लगानी गरेको उद्यम आयोजनाको बारेमा दिइएको प्रतिवेदन र प्रमुख प्रशासकीय अधिकृतको सिफारिसको आधारमा समितिले मिनाहा दिने/नदिने निर्णय गर्न सक्नेछ ।

४. उप-नियम ३ बमोजिम कोषले मिनाहा दिने निर्णय गरेमा सो निर्णयको जानकारी सम्बन्धित सामुदायिक संस्था तथा अध्यक्ष मैनेजर भेलालाई गराउनेछ ।

## भाग ३

## कोषको खर्च, लेखा र लेखा परिक्षण

**१२.लेखा र लेखापरीक्षणः**

१.कोषको लेखा र लेखा परीक्षण स्थानीय तहको आर्थिक प्रशासन ऐन तथा नियमावली बमोजिम हुनेछ ।

२.गाउँ विकास कोषमा एक घुम्तीकोष सम्बन्धी खाता सञ्चालन गरिनेछ ।

३. सामुदायिक संस्थाहरुमा घुम्ती कोष मार्फत ऋणपूजी परिचालन गरिनेछ ।

४. घुम्तीकोष खातामा घुम्तीकोष लगायत घुम्ती कोषबाट बढे बढाएको सम्पत्ति र अन्य श्रोतबाट प्राप्त रकम परिचालन गरिनेछ ।

५.कोषले सूचना एवं अनुगमनको लागि सामुदायिक संस्थाको तहमा आर्थिक कारोवारको अभिलेख सामुदायिक संस्थालाई राख्न लगाउनेछ ।

६. कोषको आम्दानी तथा खर्च स्थानीय तहको आर्थिक नियमावली बमोजिम राखिनेछ ।

७. कोषको प्रत्येक बर्षको अन्तिम लेखापरिक्षण गाउँपालिकासँगै महालेखा परिक्षकको विभागबाट हुनेछ ।

८. नेपाल सरकार, प्रदेश सरकार वा गाउँ कार्यपालिकाले आवश्यक ठानेको बखत कोषको लेखा जाँच गर्न सक्नेछ ।

## भाग ४

## विविध

**१३.वडा कार्यालयले अनुगमन गर्न सक्ने :**

१.वडा कार्यालयले आफ्नो वडा क्षेत्रभित्र सञ्चालित गाउँ विकास कार्यक्रमहरुको नियमित अनुगमन गरी आवश्यक सुझाव दिन सक्नेछ ।

२. उप नियम १ बमोजिम अनुगमन गर्दा सम्झौता विपरीत कुनै काम कारवाही भएको पाइएमा वडा समितिले सो को जानकारी गाउँ विकास कोष समितिलाई दिई सम्झौता विपरीत भएको भए आवश्यक कारवाहीको लागि गाउँविकास कोष समितिमा सिफारिस गर्न सक्नेछ ।

३.वडा समितिले आफ्नो क्षेत्रमा सञ्चालित गाउँ विकास कार्यक्रम कार्यान्वयन गर्ने शिलशिलामा आफू संलग्न भई आवश्यक सहयोग पुर्‍याउनु पर्नेछ ।

**१४. प्रतिवेदनः**

१. वडा समितिले गाउँ विकास कार्यक्रमको मासिक तथा चौमासिक र बार्षिक प्रतिवेदन गाउँपालिकामा प्रस्तुत गर्नुपर्नेछ ।

**१५. अनुगमनः**

संघीय सरकार, प्रदेश सरकार, गाउँपालिका लगायत अन्य साँझेदार संस्थाहरुले अनुगमन गर्न सक्नेछन् ।

**१६.प्रगति समिक्षाः**

गाउँपालिकामा प्रत्येक मासिक, चौमासिक तथा बार्षिक रुपमा लिखित प्रतिवेदन पेश गर्नु वडा समितिको कर्तब्य हुनेछ ।

**१७. प्राविधिक सहयोगः**

गाउँ विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजनाहरुमा प्राविधिक सहयोग गर्नु वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कर्तब्य हुनेछ ।

**१८. कोषको सुरक्षा र प्रत्याभूतिः**

यस विनियमावली बमोजिम स्थापना भएको कोषको रकम मध्ये घुम्ती कोष वापतको ऋणपूजी रकम चक्र कोषको रुपमा रहनेछ । सो रकम गाउँ विकास कार्यक्रम सञ्चालन गर्ने सामुदायिक संस्थाहरुलाई ऋण दिने प्रयोजनको लागि प्रयोग हुनेछ । उक्त कोषको आयबाट प्राप्त रकमबाट कोषको सञ्चालन तथा ब्यवस्थापन गर्नुका साथै गाउँ कार्यपालिकाको कार्यालयमा कार्यक्रम हेर्ने कर्मचारीहरुलाई उनीहरुको कार्य सम्पादनको आधारमा थप सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

**१९.विनियमावली बमोजिम हुनेः**

यो कार्यविधिमा लेखिए जति कुराको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र अन्य कुराको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**२०. कार्यविधि बनाउन सक्नेः**

१. यस कार्यविधि बमोजिमको उद्देश्य अनुरुप काम गर्न आवश्यक थप कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

२.उप नियम १ बमोजिमको कार्यविधिको कार्यान्वयन गर्नु गाउँपालिका, वडा समिति र सामुदायिक संस्थाहरुको कर्तब्य हुनेछ ।

३.निर्देशिकामा अन्य कुराको अलावा ऋणपूजीको साँवा, किस्ता, व्याज, सेवा शुल्क र हर्जना बुझाउने प्रक्रिया कोषको खरिद र विक्री व्यवस्था प्रशासनिक खर्च तथा कोषको रकम खर्च गर्ने र अनुदान प्राप्त गर्ने कार्यविधि, अनुदान कार्यान्वयन गर्ने तरिका तथा आवश्यक ढाँचा निर्धारण गर्न सकिनेछ ।

**२१.सम्पत्ति र दायित्वः**

१.यो कार्यविधि लागु हुनु अघि स्थानीय विकास कोष, सामुदायिक विकास कोष, सामुदायिक संस्थाको नाममा रहेको सम्पत्ति स्वतः यस कार्यविधि बमोजिमको कोषमा हस्तान्तरण हुनेछ ।

२. यो विनियमावली लागु हुनु अघि स्थानीय विकास कोषबाट गाउँपालिकामा प्राप्त घुम्ती कोषको रकम सम्झौता बमोजिमको दायित्व र अन्य कुनै दायित्व भए सो दायित्व कोषमा सर्नेछ ।

**२२. कार्यक्रम एकिकरण र समायोजनः**

१. गरिवी निवारण, सहकारी, संस्थागत विकास लगायतको संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकार लगायत अन्य दातृ निकायबाट सञ्चालित कार्यक्रमहरुलाई यस कोष अन्तर्गत समायोजन, एकिकरण गर्न सकिनेछ र त्यस कार्यक्रमको सम्पत्ति तथा दायित्व समेत कोषमा गाभिनेछ ।

**२३. खारेजी र बचाउः**

१. यो विनियमावली लागु भएपछि स्थानीय विकास कोष (स्थापना र सञ्चालन) सम्बन्धी विनियमावली २०५८ को पहिलो संशोधन २०६२ खारेज हुनेछ ।

२. सामुदायिक विकास कोष स्थापना र सञ्चालन विनियमावली स्वतः खारेज हुनेछ ।